म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १८१ शनिबार २८ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 11 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**चौथो वार्षिक साधारणसभा सम्बन्धमा**

यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि. हेटौंडा-१० को १४ औं वार्षिक साधारण सभा तपशिल अनुसार हुन गइरहेको हुँदा सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई गरिमामय अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल:**
**मिति:** २०७९ माघ २९ गते
**समय:** बिहान ८:०० बजे
**स्थान:** रोयल पार्टी प्यालेस, हेटौंडा-४ नयाँ हल
(**नोट:** खाना खाजाको व्यवस्था गरिएको छ ।)

सुनिल कुमार न्यौपाने (सचिव)
**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**
हेटौंडा-१०, मकवानपुर

# निवर्तमान मुख्यमन्त्री पाण्डे कानुनविपरित प्रदेशको गाडिमा सरर...

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ बागमती प्रदेशका निवर्तमान मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले अझै प्रदेश सरकारको गाडि फिर्ता नगरेको पाइएको छ ।

मुख्यमन्त्रीबाट बिदा भएको एक महिना बितिसक्दा पनि उनले कानुनविपरित प्रदेशको महिन्द्रा स्कपियो गाडी प्रयोग गरिरहेका हुन् । धादिङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि प्रदेशबाट बिदा भएका उनले आफूसँगै स्कपियो गाडी पनि लगेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले जानकारी दिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार बा-प्र-०३-००१ झ ०११३ नम्बरको महिन्द्रा स्कपियो पाण्डेले प्रयोग गरिरहेका हुन् । जब की, बागमती प्रदेशमा सवारीसाधन प्रयोग गर्न पाउने सम्बन्धि पूर्वमुख्यमन्त्रीहरुको कुनै सेवासुविधाको कानुन निर्माण भएको छैन् ।

निवर्तमान मुख्यमन्त्री पाण्डेले सवारीसाधन प्रयोग गर्न सक्ने कानुनबिनै प्रदेश सरकारको स्रोतसाधनको दुरुपयोग गरेका छन् । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कानुन महाशाखा प्रमुख अनुशिल सापकोटाले पूर्वमुख्यमन्त्रीहरुलाई उपलब्ध हुने सेवासुविधा सम्बन्धी कानुन नबनेको जानकारी दिए ।



सेवासुविधा सम्बन्धी छुट्टै कानुन नभए पनि बागमती प्रदेशमा मुख्यमन्त्री र मन्त्रीहरुले प्रयोग गर्ने सवारीसाधन सम्बन्धि कानुन छ । २९ भदौ २०७५ मा प्रदेश राजपत्रमा प्रकाशित सवारीसाधन तथा इन्धन सुविधा सम्बन्धि कानुनले मुख्यमन्त्री र मन्त्रीहरुले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म प्रयोग गर्न सक्ने व्यवस्था गरेको छ । तर, पाण्डेले राजीनामा दिएकै झण्डै दुई महिना पुग्न लागेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रशासन महाशाखा प्रमुखसमेत रहेका सचिव निश्चल राज पाण्डेले निवर्तमान मुख्यमन्त्री पाण्डेले लगेको सवारीसाधन फिर्ता नगरेको जानकारी दिए । 'उहाँले एउटा स्कपियो लानु भएको हो ।

अहिलेसम्म फिर्ता नभएको जिन्सीबाट खबर प्राप्त भएको छ । तर, हामीले सवारी फिर्ता पठाउन ताकेता गरिरहेका छौं,' सचिव पाण्डेले भने, 'कानुनअनुसार त्यसरी सवारीसाधन प्रयोग त गर्न पाईंदैन् ।' पाण्डेले मुख्यमन्त्री हुँदा दुई वटा सवारी साधन प्रयोग गर्दै आएका थिए ।

उनी सार्वजनिक कार्यक्रमसँगै टाढा जानु परेको अवस्थामा हालका मुख्यमन्त्री शालिकराम जम्मकट्टेल चढेको प्रदेश-३-०३-००१झ ००११ टोयटा ल्याण्डक्रुजर प्रयोग गर्थे । पाण्डेले टोयटा ल्याण्डक्रुजरसँगै बा(प्र(०३(००१ झ ०११३ नम्बरको स्कपियो पनि प्रयोग गर्ने गरेको मुख्यमन्त्री कार्यालयको जिन्सी शाखाले जानकारी दिएको छ । आफूले प्रयोग गर्ने दुई वटा सवारीसाधनमध्ये स्कपियो उनले लगेका हुन् ।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएर सपथ लिएपछि पनि प्रदेशको मुख्यमन्त्रीमै रहेका पाण्डेले ८ पुसमा मुख्यमन्त्रीबाट राजीनामा दिएका थिए । २५ पुसमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र र रप्रपाको गठबन्धनबाट जम्मकट्टेल मुख्यमन्त्री भएपछि काम चलाउ सरकार सञ्चालन गरिरहेका पाण्डे काठमाडौं फर्किएका थिए ।

अघिल्लो सरकारका मुख्यमन्त्रीदेखि मन्त्रीहरुले प्रयोग गर्ने सवारीसाधन फिर्ता ल्याउने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको हो । पाण्डे नेतृत्वको सरकारको कार्यकाल सकिने बित्तिक्कै प्रदेशका प्रमुख सचिव मुकुन्द प्रसाद निरौलाको आदेशमा मुख्यमन्त्री कार्यालयले सबै मन्त्रालयहरुमा सूचना जारी गरेर गाडी फिर्ता ल्याउन उर्दी गरेको थियो । तर, सबै मन्त्रालयलाई गाडीको रेखदेख गर्न निर्देशन दिने मुख्यमन्त्री कार्यालयकै गाडी प्रयोग भइरहँदा भने रोचक छ ।

बागमती प्रदेशको पहिलो कार्यकालमा तीन जना मुख्यमन्त्री भएका थिए । जसमध्ये पहिलो मुख्यमन्त्री डोरमणि पौडेलले पनि कानुनविपरित आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्रदेश ३-०१-००२ झ ४७३९ नम्बरको गाडी प्रयोग गरेर पछि फिर्ता गरेका थिए । त्यतिबेला पौडेलले गाडी प्रयोग गरेर ठिक नगरेको भन्दै पत्रकारहरुसँग पाण्डे गफिने गरेका थिए । पौडेलपछि ७२ दिनका लागि मुख्यमन्त्री बनेकी अष्टलक्ष्मी शाक्यले भने सरकारी गाडी प्रयोग गरेकी थिइनन् ।

# मकवानपुरमा दूधको मुल्य १४ रुपैयाँ बढाउँदै संघ



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेड मकवानपुरले सरकारलाई लज्जाबोध हुने गरी दूधको मुल्य बढाउने घोषणा गरेको छ ।

जिल्लाभरका दूध संकलन गरेर बिक्री वितरण गर्दै आइरहेको संघले किसानहरुलाई हाल कायम मुल्यले मर्का परेको भन्दै दूधमा प्रतिलिटर १४ रुपैयाँ बढाउने तयारी गरेको हो । मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरि प्रसाद कँडेलले सरकारको मुख ताकेर बस्दा किसानहरु थप समस्या परेको भन्दै संघले नै मुल्य बढाउने बताए । दुधको लागत मुल्य अनुसार हाल प्रति लिटर ३ रुपैयाँ पनि बचत नभएको भन्दै संघले कृषकको लागि आगामी फागुन १ गतेबाट दुधको मुल्य बढाउने भएको हो ।

संघले लामो समयदेखि सरकारलाई दुधको मुल्य बढाउन दबाब दिँदै आएको तर, सरकारले सुनुवाई नगरेपछि आफैंले मुल्य निर्धारण गरेर अघि बढ्न लागेको अध्यक्ष कँडेलले जानकारी दिए । उनले संघले मुल्य निर्धारण गर्नु अगाडि सरकारले मुल्य तोक्नुपर्ने बताउँछन् । मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघले फागुन १ गते देखि लागु हुने गरी दूधको मूल्य वृद्धि गर्न सरकारलाई अल्टिमेटम समेत दिएको हो । संस्थागत रुपमा दुधको मूल्य वृद्धि गर्नका लागि केन्द्रीय दुग्ध सहकारी संघले सरकारसँग गरेको माग प्रति मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघले ऐक्यबद्धता जनाउँदै फागुन १ गते देखि लागु हुने गरी दूधको मूल्य वृद्धि गर्न अल्टिमेटम दिएको हो ।

किसानहरुलाई दुधमा आत्मनिर्भर बनाई विदेशमा समेत निर्यात गर्न सक्ने अवस्था रहेकोमा हाल दूधबाट बनेको दुग्धजन्य पदार्थ छुर्पिसमेत बाह्य मुलुकमा निर्यात भइरहेकोमा हाल कच्चा दूधको मूल्य बृद्धि नहुँदा समस्या भएको कँडेलले बताए । पशुलाई खुवाउने पराल, दाना चोकर, औषधिलगायतको मूल्य अत्याधिक वृद्धि हुँदा समस्या बढेको उनले बताए । कृषकहरुले उद्योगबाट समयमा भुक्तानी नपाउनुको कारणले गर्दा ृलस सिजनमा पनि दूध उत्पादनमा ह्रास आइरहेको उनको भनाई छ ।

निर्धारित समयमा दुधको मूल्य बृद्धि नभएमा डेरी उद्योगीहरुको समन्वयमा दूधको मूल्य बृद्धिको घोषणा गरिने संघले जनाएको हो । 'कृषकहरुलाई पशुपालन पेशामा अकर्षित गराई दूधमा आत्मनिर्भर बनाउन दुधको मूल्य बढाउन पर्ने भएको हो,' अध्यक्ष कँडेल भन्छन् ।

संघले असोज १४ गते २९ औं साधारण सभाबाट संस्थाका प्रतिनिधिहरुबाट दुधको मूल्य अविलम्ब वृद्धि गर्ने निर्णय गरेर ध्यानाकर्षण गराउदाँ पनि प्रधानमन्त्री कार्यालय गम्भिर नभएको संघको आरोप छ । पशुलाई खुवाउने पराल, दाना चोकर, औषधि लगायतको मूल्य अत्याधिक बृद्धि हुनु, कोभिडको प्रभावबाट पशुपालन पेशा जर्जर अवस्थामा रहेकोले हाल दुधको मूल्यवृद्धि गर्न सरकार समक्ष अनुरोध गरिएको मकवानपुर जिल्ला दुग्ध सहकारी संघले जनाएको छ ।

संघका अनुसार सरकारले यही फागुन १ गतेदेखि दुधको मूल्य बृद्धि नगरेमा कृषकहरु देशब्यापी आन्दोलनका कार्यक्रमहरु सहित सडकमा उत्रनेछन् । मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि.अन्तर्गत रहेका ६० वटा प्रारम्भिक दुग्ध उत्पादक सहकारी संस्थाद्वारा दैनिक करिब ४० हजार लिटर दूध संकलन गरि बिभिन्न उद्योगहरुमा बिक्री बितरण गर्दै आएको छ ।

संघले हाल दैनिक ११ हजार परिवारको दूध संकलन गर्दै करिब २७ लाखको हाराहारीमा शहरको पूँजी दैनिक गाउँ पुऱ्याउँदै गरिब विपन्न किसानहरुको आयआर्जनमा टेवा पुऱ्याउने काम गर्दै आएको संघका ब्यवस्थापक कुमारमणि दाहालले बताए ।

# नेसपा मकवानपुरको अध्यक्षमा भेटवाल



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ पूर्वप्रधानमन्त्री बाबुराम भट्टराइ नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा) जिल्ला समन्वय समिति मकवानपुर गठन गरिएको छ ।

नेपाल समाजवादी पार्टी मकवानपुरको अध्यक्षमा राजकुमार भेटवाल चयन भएका छन् । भेटवालको अध्यक्षतामा ६३ सदस्यीय जिल्ला कार्य समिति घोषणा गरिएको छ ।

समितिको उपाध्यक्षमा रामचन्द्र थिङ (अविरल), हरिहर खतिवडा, दुर्गा कुमारी रमौली, सहसचिवमा निखिल पौडेल, कोषाध्यक्ष सुदिप कार्कीलगायत रहेका छन् । पार्टीका केन्द्रीस्य सदस्य तथा मकवानपुर इन्चार्ज राजेन्द्र सिम्खडाको सभाध्यक्षता तथा पार्टीका गैह्रभौगलिक समिति इन्चार्ज सोनाम सिं स्याङ्तान (विजय)को प्रमुख आतिथ्यता थियो ।

पार्टी बागमती प्रदेश समिति अध्यक्ष वन्दना सुवेदीको विषेश आतिथ्यता रहेको कार्यक्रममा राजनीतिक समिति सदस्य प्रमोद श्रेष्ठ, केन्द्रीय सल्लाहकार समिति सदस्य डिवि थापा, केन्द्रीय सदस्य तुफान बिक्रम क्षेत्री, संघीय परिषद सदस्य इजहार आलमलगायतको आतिथ्यता रहेको थियो ।

# जनयुद्ध दिवसमा बिदा दिने सरकारको निर्णयमा मन्त्री नै असन्तुष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ बागमती प्रदेश सरकारले जनयुद्ध दिवसको अवसरमा फागुन १ गते सोमवार सार्वजनिक बिदा दिने भएको छ ।

मंगलबार बसेको मन्त्रिपषिद्को बैठकले जनयुद्ध दिवसको अवसरमा सार्वजनिक विदा दिने निर्णय गरेको हो । जनयुद्ध सुरु भएको दिनको सम्झनामा माओवादीले फागुन १ गतेलाई दिवसका रुपमा मनाउँदै आएको छ । तर, मन्त्रिपरिषद्को बैठकमा प्रस्ताव नै नगरी जनयुद्ध दिवसका दिनमा बिदा दिने निर्णय गरिएको भन्दै प्रदेश सरकारको मन्त्रीहरुले असन्तुष्टि जनाएका छन् । माघ २४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय भन्दै फागुन १ गते जनयुद्ध दिवसका दिनमा सार्वजनिक विदा दिने निर्णय सार्वजनिक भएपछी मन्त्रीहरुले असन्तुष्टि जनाएका हुन् ।

मन्त्रिपरिषद्मा प्रस्ताव नै नगरिएको विषयलाई मन्त्रिपरिषद् बैठकबाट पारित भएको भन्दै सार्वजनित विदाको सूचना निकालिएको भन्दै एक मन्त्रीले असन्तुष्टि जनाए । उनको अनुसार माघ २४ गतेको बैठकमा जनयुद्ध दिवसका दिन बिदा दिने विषयमा कुनैपनि छलफल नै भएको थिए । 'मन्त्रिपरिषद् बैठकमा जनयुद्ध दिवसमा बिदा दिने विषयमा न कुनै प्रस्ताव भयो न कुनै छलफल । सरकारको मन्त्रीहरुलाई नै अत्तोपत्तो नभएको विषय मन्त्रिपरिषद् बैठकबाट पारित भएको भनेर भ्रम फैलाइएको छ',ती मन्त्रिले भने । उनले मुख्यमन्त्रीले एकल रुपमा बिदाको निर्णय गर्न नमिल्ने भन्दै असन्तुष्टि पोखे ।

जनयुद्ध दिवसका दिनमा बिदा दिने विषयमा मन्त्रिपरिषद्को बैठकमा कुरा नभएको तर, मन्त्रिपरिषद्को निर्णय भन्दै बाहिर आएको भन्दै राप्रपाले असन्तुष्टि जनाएको छ । बिदा दिएको भनेर निर्णय बाहिर सार्वजनिक भएपछी मात्रै आफूहरुलाई जानकारी भएको उनीहरुको भनाई छ । संघीय सरकारले सार्वजनिक बिदा घटाउँदै लैजाने बताइरहेको बेलामा प्रदेश सरकारले बिदा थप्दै लैजानु राम्रो नभएको टिप्पणी भइरहेको छ । 'जनयुद्ध दिवस'को नाममा प्रदेशभर लागू हुने गरि बिदा दिने निर्णय खारेजीको माग पनि उठेको छ । मन्त्रिपरिषद्को बैठकको निर्णय प्रदेशका प्रमुख सचिव मुकुन्द प्रसाद निरौलाले प्रमाणीकरण गरेका छन् । यसअघि प्रदेश सरकारले दिएका सार्वजनिक विदाहरू मन्त्रिपरिषद्मा छलफल भएर निर्णय हुने गरेका थिए ।




**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**


☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# च्याट जीपीटीसहित माइक्रोसफ्टले सार्वजनिक गऱ्यो नयाँ बिंग सर्च इन्जिन




इन्टरनेट सर्च इन्जिनको क्षेत्रमा गुगलको प्रभुत्वलाई तोड्नका लागि माइक्रोसफ्ट कम्पनीले नयाँ स्वरुपमा आफ्नो Bing सर्च इन्जिन सार्वजनिक गरेको छ ।

माइक्रोसफ्टले आफ्नो बिंग सर्च इन्जिनमा आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिले युक्त च्याटबोट ChatGPT लाई आबद्ध गरेको छ । गतवर्ष सार्वजनिक भएको ओपन आर्टिफिसियल इन्टेलिजेन्स च्याटबोट ChatGPT निकै लोकप्रिय बनिरहेको छ ।

बिंग सर्च इन्जिनको डेमो संस्करण माइक्रोसफ्टले सुरु गरिसकेको छ । नयाँ फिचरसँगै सर्च बारमा विभिन्न पूर्वनिर्धारित शब्दावलीहरू उपलब्ध छन् । तत्कालका लागि हरेक व्यक्तिलाई सीमित सर्च सुविधाका साथमा बिंग सर्च इन्जिन सुरु गरिएको छ ।

नयाँ संस्करणमा आएको बिंग सर्च इन्जिन गुगलको प्रभुत्वका लागि सबैभन्दा ठूलो चुनौतीको रुपमा देखिएको छ र यसलाई दुई कम्पनीहरूको बीचमा आर्टिफिसियल इन्टेलिजेन्सको दौडको रुपमा हेरिएको छ ।

माइक्रोसफ्टका सीईओ सत्य नादेलाले दौड सुरु भएको बताएका छन् ।

माइक्रोसफ्टको सहयोगमा विकसित भएको आर्टिफिसियल इन्टेलिजेन्स च्याटबोट ChatGPT ले सर्च अनुरोधहरुको लागि मानिसले दिनेजस्तै जवाफ दिनका लागि डिप लर्निङ प्रविधिको उपयोग गर्दछ ।

सीईओ सत्य नादेलाका अनुसार बिंग सर्च इन्जिनमा आबद्ध गरिएको नयाँ प्रविधिले अनलाइन सर्चको प्रकृति तथा अन्य सफ्टवेयरहरुसँगको सम्बन्धलाई नै बदल्ने बताए ।

उनी भन्छन्- यो प्रविधिले हामीले थाहा पाएका सबैजसो सफ्टवेयरलाई पुनर्संरचना गर्नेछ ।

अब बिंग सर्च इन्जिनमा कुनैपनि विषयको खोजी गर्दा केवल वेबसाइटका लिंक मात्रै नभएर विस्तृत उत्तर प्राप्त हुनेछ । साथै सर्चलाई व्यवस्थित गर्नका लागि च्याट पनि गर्न सकिनेछ । सर्च पेजको दायाँपट्टि थप समसामयिक उत्तरहरु पनि थप गरिन्छ ।

गुगलले ब्बबचम नामक आफ्नो नयाँ च्याटबोटको विस्तृत विवरण सार्वजनिक गरेको भोलिपल्टै माइक्रोसफ्टले बिंग संस्करणमा च्याट जीपीटी आबद्ध गरेको हो ।

विश्लेषकहरूका अनुसार नयाँ च्याटबोटसहितको बिंग सर्च इन्जिनले माइक्रोसफ्टको प्रतिस्पर्धी क्षमतामा व्यापक वृद्धि गर्नेछ । यसलाई ठूला प्रविधि कम्पनीहरुबीच आर्टिफिसियल इन्टेलिजेन्सको दौडमा पहिलो पाइला मानिएको छ ।


स्मरण रहोस् च्याट जीपीटीको सुरुआती लगानीकर्ता तथा सहयोगीको रुपमा रहेको माइक्रोसफ्टले आर्टिफिसियल इन्टेलिजेन्सको क्षेत्रमा अर्बौं डलर लगानी गरिसकेको छ र आगामी दिनमा पनि च्याट जीपीटीमा अर्बौं डलर लगानी गर्ने बहुवर्षीय सम्झौता गरेको छ ।

बिंग सर्च इन्जिनमा गत वर्ष सार्वजनिक भएको च्याट जीपीटी भन्दा पनि अत्याधुनिक Open Artificial Intelligence प्रविधिको प्रयोग गरिएको छ । यसलाई माइक्रोसफ्टको वेब ब्राउजर एजमा समेत प्रयोग गरिएको छ ।

विश्लेषकहरुले भने च्याट जीपीटीको दुरुपयोग भैरहेको र यसलाई विद्यार्थीहरूले परीक्षामा पास गर्नका लागि उपयोग गरिरहनुका साथै पत्रकारितालगायतका विभिन्न पेसाहरुलाई समेत असर गर्नसक्ने खतरा छ । साथै यसले कतिपय प्रश्नमा गलत उत्तरहरु समेत ढुक्कसाथ भन्ने गरेको आलोचना हुने गरेको छ ।

**यौन/जीवनशैली**

# के मुखमैथुनले हेपटाइटिस सिको जोखिम बढाउँछ ?



हेपाटाइटिस सीलाई 'हेप सी' को रुपमा पनि चिनिन्छ । यो भाइरल संक्रमणको एक कारण हो । यो भाइरस संक्रमित व्यक्तिको रगत अर्को व्यक्तिको रगतमा प्रवेश गर्दा फैलिन्छ ।

उदाहरण को लागि, यदि दुईभन्दा बढी मानिसलाई खोप लगाउने बेलामा एउटै खोपको प्रयोग गरिन्छ भने संक्रमणको जोखिम बढ्न जान्छ । यस्तो अवस्थामा प्रश्न उठ्छ कि यो संक्रमण यौन वा मुख मैथुनको माध्यमबाट पनि फैलिन सक्छ ?

विभिन्न देशका रोग नियन्त्रण र रोकथाम केन्द्रहरुका अनुसार हेपाटाइटिस सी चुम्बन, अँगालो हाल्ने, भाँडा बाँड्ने, चिसो, र सँगै खाने वा पिउने गर्दा फैलिँदैन । यो थुक वा र्‍याखलको माध्यमबाट पनि फैलिँदैन ।

**हेपाटाइटिस सी के हो ?**

यो भाइरल संक्रमण एक संक्रमित व्यक्तिको रगतसम्म पुगेर कलेजोका कोशिकालाई हानि गर्न सक्ने एक किसिमको रोग हो । यसलाई फाइब्रोसिस पनि भनिन्छ । जसले पछि सिरोसिसको रूप लिन सक्छ । हेपाटाइटिस सीले कलेजो बिग्रेको र कलेजोको क्यान्सरको जोखिम पनि बढाउन सक्छ । २०१६ मा मात्र संयुक्त राज्य अमेरिकामा २४लाख मानिस हेपाटाइटिस सीबाट पीडित थिए ।

**के यो यौन रोग हो ?**

यौन सम्पर्कको कारण हेपाटाइटिस सी संक्रमण को जोखिम कम छ । एक प्रतिशतमा मात्रै यौन सम्पर्कका कारण यो समस्या हुन सक्छ । समलिंगी पुरुषहरु बाहेक यो समस्या एकभन्दा धेरै साथीसँग यौन सम्बन्ध गर्ने र एचआईभी संक्रमितमा धेरै देखिन्छ ।

१९९८ मा यस विषयमा गरिएको एक अनुसन्धानले मुखमैथुनको कारणले यी संक्रमण हुने जोखिम नगण्य छ । विज्ञहरुका अनुसार यो संक्रमण रगतको माध्यमबाट शरीरमा प्रवेश गरेपछि हुन्छ । यौन सम्पर्कको बेला संक्रमित हुने सम्भावना धेरै कम हुन्छ

**यस्तो अवस्थामा संक्रमित हुने जोखिम हुन्छ**

- महिनावारी
- फुटेको वा काटिएको ओठ
- क्यान्सर वा पुरानो घाउ
- मुख वा गिजाबाट रगत बग्नु
- घाँटीमा हुने संक्रमण
- प्रजनन अंगमा हुने रोग

**कसरी फैलिन्छ यो ?**

संक्रमित व्यक्तिको शरीरमा हेपाटाइटिस सी भाइरस रगत, वीर्य र अन्य प्रकारका शरीरका तरल पदार्थबाट प्रवाहित हुन्छ । यो भाइरसका कणहरु कुनै न कुनै रुपमा एक स्वस्थ व्यक्तिको रक्तप्रवाहमा प्रवेश भयो भने अर्को व्यक्ति पनि संक्रमित हुन्छ । विशेषज्ञहरु यो भाइरस पुरुषको वीर्यमा पाईन्छ भन्ने विश्वास गर्छन् । तर यो साबित गर्दैन कि यसले हेपेटाइटिस सी संक्रमण को जोखिम कसरी बढाउँछ। यसबाट बच्न विशेषज्ञहरु सुरक्षित सेक्सका लागि कण्डमको प्रयोग गर्न सल्लाह दिन्छन्।

**यसका कारणहरू**

- हेपाटाइटिस सी संक्रमित आमाको गर्भबाट जन्मेको बच्चा भएमा
- रेजर, ट्रथब्रश वा ग्रुमिङ क्लिपर साझेदारी गरेमा
- फोहोर र स्यानिटाइज नगरिएको सुईबाट टाटु बनाएमा
- इन्जेक्शन योग्य औषधि लिएमा
- नाकबाट ड्रक्स लिएमा

यो हेपाटाइटिस सीयुक्त एक व्यक्तिबाट अर्को व्यक्तिमा अंग प्रत्यारोपण भएको अवस्थामा पनि यो सर्न सक्छ ।

**लक्षण**

हेपाटाइटिस सी भएका धेरै मानिसहरुलाई थाहा नहुन सक्छ कि उनीहरुलाई संक्रमण छ। लगभग २०-३०% मानिसहरुमा मात्र लक्षणहरु देखिन्छन् । संक्रमण सामान्यतया २-२२ हप्तापछि देखा पर्छ । हेपाटाइटिस सीको लक्षणहरू निम्नानुसार छन् ।

- भोक नलाग्नु
- ज्वरो
- पेट दुख्ने
- थकान
- कलेजो रोग
- कालो मूत्र
- कालो मल
- जोर्नी वा मांसपेशी दुखाइ

जसमा छालाको पहेँलोपन र आँखाको सेतो हुनु आदि ।

**साहित्य**

# ल्यांग ल्यांग

## लघुकथा



**शेखर बास्कोटा**

अन्तत्वगत्वा राज्य श्रीलंका भन्दा खतरा हुने भो । जति गरेपनि जति भने पनि राज्य सत्ता संचालन गर्ने ठेकेदारहरु कहिल्यै सुध्रेनन् र सुध्रन पपिन चाहँदैनन् । हामीलाई के चाहिएको छ र, गास बास कपास अनि सरल स्वास्थ्य र शिक्षा त्यति न हो । ए सत्ता लिएका ठेकेदारहरु गरि खान त देउ । देश त कंगाल बनायौ बनायौ हुँदा हुँदा पेट्रोल छर्केर मान्छे पनि मार्न थाल्यौ होइन ? तिमिहरु केही नीति र शिद्धान्तले मर्न बाध्य पारेका होइनौ र ? साने उदाहरण यहाँ उल्लेख गरौं, प्रति महिना दश हजारका दरले सानो सटर भाडामा लिएर तरकारी, फलफुल पसल राखेको, सटर अगाडि आएर लाम लागेर ठेला घुमाउँछन् ।

नगरपालिका, भ्याट प्यान अनि घरेलुमा कर तिरिकन राष्ट्रलाई घर बहाल कर अनेक बाहनामा सेवा बापत तिरी राखेकै छौं । अति ति ठेलावाला विशेष गरी गैर नेपाली विना कर ठेलामा मस्त व्यापार गरेका छन् । ए, राज्य संचालनका ठेकेदार तिमिहरुलाई अलि कति पनि हेक्का छैन त्यो सानो पूँजी फासाएर गरी खान पाइन्छ कि भनेर दोकान खोल्ने प्रति कुनै उत्तरु दायित्व छैन ।

सानो तरकारी पसल छ पसलै वरि परि घम्मर घुस काले ठेला घुमाउँछ । उसलाई न घरेलु न प्यान न त नगरपालिका कसैको टेन्सनै छैन । कर तिरेका छौं, कर तिरीसके पछि संरक्षण गर्ने दायित्व हो कि हैन ए नकचरा शासकहरु । माथि नेताका कुरा नगरौं यी देश बेचुवाको कुरा यो पंक्तिकारको बुताभन्दा बाहिरको कुरा भयो । सामान्य स्थानीय प्रशासनले गर्ने र गर्न सक्ने काम पनि नगर्ने कस्तो मनस्थितिको राज्य सत्ताको निकाय हो यो ? शहरको कुरुपता त आफ्नो ठाउँमा छँदैछ, तिनले सिर्जना गरेको फोहोरका के कुरा गर्नु ।

उद्योग वाणिज्य संघ भन्नी पनि एउटा संस्था रैछ । यो संस्थाको काम भनेको सदस्य व्यापारीहरु सित पैसा (कर) उठाउनी अनि भोज खानी कोही व्यापारीको दुई नम्बरी सामान समातियो भने छुटाउने । बस यो वाणिज्य संघको अरु कुनै सामाजिक उत्तर दायित्व भन्ने छँदैछैन । आफ्ना साना व्यापारी सदस्यको पिरमर्का उसलाई परेको अप्ठ्यारो, ठेला व्यापारीले पारेको असर के यो संघ बेखबर छ ? कदापी बेखबर हुन सक्दैन र मिल्दैन पनि । तर बाल मतलब, ठूला व्यापारीको कब्जामा परेको संघ साना तिना झिनामसिना कुरामा अल्झिएर इज्जतै जान्छ ।

थुइक्क राज्य संचालकका ठेकेदारहरु ?

## कविता

# कस्तो गल्ती गरें

**प्रा. डा. मोहन प्रसाद जोशी**

ओहो ! मैले कस्तो गल्ती गरें
बीसौं वर्ष भुलें, भट्कें
तिमीले कैयौं रूपमा
मलाई दिन खोज्यौ –
हावा बनी बहेर, पहेँलो घाम बनेर
वर्षात गरेर, हरियाली भरेर
नीलाम्बर फिँजाएर, नक्षत्रहरू बनाएर
इन्द्रेणी तन्काएर, सूर्यचन्द्र चम्काएर
नदीलाई बगाएर, पन्छीहरु उडाएर
मलाई आफूसँग जोड्न खोज्यौ
ममा ऊर्जा भर्न खोज्यौ
तर मैले तिमीलाई तिरस्कार गरें
आफ्नै कोयामा मस्त रहें

तर बीसौं वर्ष पछि आज फेरि
मैले तिमीलाई सम्झिन पुगें
र सम्झिनेबित्तिकै
मेरा भावहरू सरल बन्न पुगे
आँखाका कोसहरु तरल बन्न पुगे

बिग्रेको थिएँ
छुट्टिएर गएँ
तर आज याद फिर्ता पाएको छु
तिम्रो आँगनमा फिर्ता आएको छु ।

# प्रेम वासनारहित हुन्छ ?

नि:सर्त प्रेम मानिसका लागि सबैभन्दा ठूलो शक्ति हो । ओसो भन्छन्, 'प्रेम फदयको चौथो चक्रबाट सुरु हुन्छ । जब फदय चक्र खुल्छ, त्यहाँबाट प्रेम उत्पन्न हुन्छ । त्यही प्रेम परमात्मा वा प्रकृतिसँगको भने प्रेम फदयबाट माथि उठ्छ । त्यसमा वासना हराउँछ । सो प्रेम जब जब फदय चक्रभन्दा मुनि आउँछ, तब वासनाको चरणमा प्रवेश हुन्छ ।'

ओसो सन्यासी सोविता सिम्खडाको बुझाईमा शरीरलाई जसरी भोक लाग्छ, त्यसरी नै वासनाको चाहना पनि हुन सक्छ । जुन प्रेमको गहिराइले महसुस गराउन सक्छ । जुन प्रेमी-प्रेमिकाबीच पहिला आकर्षण, दोस्रो सामीप्य हुँदै शरीर नजिक भएपछि शरीरले हर्मोन उत्पन्न गराउँछ र वासनामा पुऱ्याउँछ ।

विज्ञानले प्रेममा वासनाको उपस्थिती हुनुलाई हार्मोनको भूमिका हुने उल्लेख गरेको छ । सन् २०१२ मा भएको एक अध्ययन अनुसार युवायुवतीबीच आपसी लगाव बढ्नुमा अक्सिटोसिनको भूमिका हुन्छ । यसले प्रेमभाव मात्र नभई वासना पनि बढाउने उल्लेख छ ।

**बास्नारहित प्रेम**

जो भौतिक सुख र सपनालाई महत्व नदिएर आध्यात्मिक साधनामा तल्लीन हुन्छन् । उनीहरुको वरपर विपरीत लिंगी भएपनि आकर्षण हुन सक्छ तर वासनाको चाहना हुँदैन । त्यो स्वेच्छाले बनेका ब्रह्मचारीमा सम्भव हुन सक्ने सिम्खडाको बुझाइ छ

जब व्यक्ति प्रेममा हुन्छ, तब एक चरणपछि वासनामा पुग्न सक्छन्, जुन स्वभाविक हो । 'तर प्रेमविना नै वासनातर्फ लाग्नु भनेको अस्वाभाविक हो । भोक नलागे पनि खानेकुरा अनावश्यक खाँदा शरीरले ग्रहण गर्न सक्दैन, त्यस्तै यौन वासना पनि प्रेम नभई वा शरीरले नखोजी हुनु गलत हो । त्यहाँ प्रेम हुँदैन । प्रेम विनाको वासना ओसोलाई पनि मञ्जुर थिएन,' उनी भन्छिन् ।

कोही यौनकै लागि प्रेमको नाटक गर्ने पनि हुन्छन् । जसले यौन सम्बन्धपछि यौन तृष्णालाई मेटेपछि व्यक्तिसँग वितृष्णा हुँदै जान्छ । त्यही भएर धेरै सम्बन्ध जोडिँदै र केही क्षणमै तोडिने कारण बनिरहेका छन् ।

स्वामी आनन्द विनोद शर्मा भने प्रेम भावनामा वासना नहुने तर्क राख्छन् । उनका अनुसार यौन प्रकृतिको षड्यन्त्र हो । 'प्रेममा बास्ना हुने बित्तिकै प्रेम स्वार्थ बन्छ । आध्यात्मिक साधनाबाट मात्र प्रेमको स्वरूपलाई प्राप्त गर्न सकिन्छ । कामवासना भनेको शक्ति हो । जुन महिला-पुरुषमा हुन्छ,' शर्मा भन्छन्, 'प्रकृतिको खेल हो वासना । चरम आनन्दको झिल्को नदिने हो भने कोही पनि यौन सम्बन्धमा जाँदैन । जसले गर्दा सृष्टि विकास हुन सक्दैन । तर यो पनि जरुरी छ ।'

**चोखो प्रेम कसरी चिन्ने ?**

चोखो प्रेममा जसलाई गरिएको हो, उसको उपस्थिति नै स्वर्गजस्तो हुन्छ । 'प्रेममा स्वार्थ हुँदैन । प्रेम एउटा स्वभाव हो । जहाँ लिने हुँदैन । शंका र उपशंका हुँदैन । वशमा पारौं भन्ने हुँदैन । दिने काम मात्र भइरहन्छ,' शर्मा भन्छन्, 'दुवै जना एकापसमा समर्पित हुन्छन् । त्यो प्रेम सकारात्मक ऊर्जा ल्याउने शक्ति बन्न सक्छ । रिस, राग र अहंकारलाई विलीन बनाउने तागत प्रेममा हुन्छ ।'

इनसाइडरको रिपोर्टअनुसार प्रेम र वासनाबीचको सबैभन्दा ठूलो भिन्नता भनेको वासना पूर्णत: यौन आकर्षणमा आधारित हुन्छ भने प्रेम भनेको जोश र कसैप्रति चरम आत्मीयताको भावना हो ।

धेरैजसो समय शारीरिक रूपमा घनिष्ठ हुन मात्र बिताउने तर व्यक्तिगत जीवनमा कुनै खास चासो छैन र तपाईं दुवैको सोच फरक-फरक छ भने यी कामवासनाका लक्षण रहेको रिपोर्टमा उल्लेख छ ।

**प्रेमबारे ६ मनोवैज्ञानिक तथ्य**

१. दुई प्रेमीहरूले एकअर्काको आँखामा हेर्दा मुटु धड्किन्छ ।
२. प्रेममा पर्दा शरीरमा कोकिनको सेवनले जस्तै प्रभाव पार्ने देखाएको छ ।
३. प्रियजनको तस्वीर हेर्दा पीडा कम हुन सक्छ ।
४. प्रेम लामो समयसम्म निरन्तर समृद्धिको साथमा चलिरहेको छ भने प्रारम्भिक मृत्युको जोखिम ५० प्रतिशत कम हुन्छ ।
५. हार्टब्रेक वास्तविक छ । ब्रेकअप वा सम्बन्धविच्छेद होस् वा प्रियजन गुमाउँदा तीव्र भावनात्मक तनावले फदयलाई कमजोर बनाउने रसायन निस्कन्छ । यसलाई ब्रोकन हार्ट सिन्ड्रोम भनेर चिनिन्छ । यसले छाती दुख्ने र श्वास फेर्न समेत कठिन बनाउन सक्ने हार्टब्रेक वास्तविक छ ।
६. खतराले दुई व्यक्तिलाई प्रेममा पार्न ठूलो भूमिका खेल्छ । अध्ययनले के देखाएको छ भने कुनै जोखिमपूर्ण अवस्थामा एक पुरुषले महिलालाई भेटेको छ भने उनीहरु प्रेममा पर्ने सम्भावना सामान्य अवस्थामा भेटेको भन्दा बढी हुन्छ ।

प्रेम हरेक प्राणीको आफ्नो प्राकृतिक स्वभाव पनि हो । त्यसैले त साहित्य, संगीत, सिनेमा जस्ता विधामा प्रेम सर्वाधिक रुचाइन्छ ।

# यी हुन् ५ संकेत, जब कोही प्रेममा पर्छन्

प्रेमका महान् व्याख्याता ओशो भन्छन्, 'प्रेमको कुनै भाषा हुँदैन । प्रेमको फूल मौनतामा फुल्छ । प्रेम संगीत हो, प्रेम नै मधुर प्रतिध्वनि हो ।'

अहिले प्रणय दिवस (भ्यालेन्टाइन डे) सप्ताह चलिरहेको छ । हुन त प्रेमका लागि कुनै याम जरुरी हुँदैन । तर समय र सन्दर्भले कतिपय कुरालाई थप रंगीन बनाइदिन्छ, मधुर बनाइदिन्छ ।

वैंसालु जोडीहरू जब प्रेममा पर्छन्, उनीहरू भौतिक मात्र होइन भावनात्मक रूपमा पनि परिवर्तन हुन्छन् । प्रेममा परेपछि मान्छे किन परिवर्तन हुन्छ ? त्यसको कस्तो संकेत देखिन्छ ? यी कुरा निकै रमाइला लाग्छन् ।

**आफ्नो स्याहारसुसारमा बढी ध्यान दिने**

जब कोही व्यक्ति प्रेममा पर्छ, उसले आफूलाई राम्रो र आकर्षक देखाउने कुरामा ध्यान दिन्छ । सफा सुग्घर हुने, चिरिच्याट्ट पारेर लुगा लगाउँछ । अरूको नजरमा आफूलाई कसरी राम्रो देखाउने, प्रेमी-प्रेमिकाको नजरमा कसरी राम्रो देखिने भन्नेमा ध्यान हुन्छ ।

**धेरैजसो समय मक्ख पर्ने, मनमनै खुसी हुने**

भर्खर-भर्खर प्रेममा परेकाहरू आफैंमा खुसी देखिन्छन् । उनीहरूलाई सानोतिनो तनावले छुँदैन । सबै कुरा भुलेर आफैंमा रमाइरहेका देखिन्छन् । आफूले मन पराएका व्यक्तिलाई सम्झिएर मनमनै मक्ख पर्छन् ।

**एकान्तमा बस्न रूचाउने**

प्रेममा परेकाहरू प्राय: आफ्ना साथी सर्कलबाट टाढिन खोज्छन् । एक्लै बस्न रुचाउँछन् । जमघट, भोजमा त्यति सामेल हुन रुचाउँदैनन् । एकान्तमा बस्न मन गर्छन् । एकान्तमा बसेर आफूले मन पराएको मान्छेको बारेमा सोच्न मन पराउँछन् ।

**प्रेमिल संगीत सुन्न थाल्ने**

प्रेममा परेका व्यक्तिलाई गीत-संगीतले थप आकर्षित गर्छ । खासगरी प्रेमिल गीत सुन्दा उनीहरूले आफ्नो भावना अभिव्यक्त भएको महसुस गर्छन् । गीतको कल्पनामा डुबेर शब्दशब्दमा हराउन थाल्छन्, त्यसका पात्रमा आफूलाई खोज्न थाल्छन् ।

**आफ्ना प्रेमी वा प्रेमिकासँग नजिकिने बहाना खोज्ने**

आफ्नो प्रेमी वा प्रेमिकासँग कसरी बोल्ने, कसरी नजिकिने भन्ने कुरामा उनीहरूको ध्यान धेरै जान्छ । आफूले प्रेम गरेको व्यक्तिसँग भेट्न र बोल्न नयाँ नयाँ बहाना बनाइरहेका हुन्छन् । घरबाट पनि बहाना बनाएर निस्किएर प्रेमी वा प्रेमिकालाई भेट्न जान्छन् ।

संसदमा विशेष सम्बोधन :

# के-के छन् राष्ट्रपतिले ७ वर्षमा देखेका मूल विषय ?

काठमाडौं/७ वर्ष लामो कार्यकाल सकेर शीतल निवास छाड्नुअघि राष्ट्रपति विद्यादेवी भण्डारीले शुक्रबार संघीय संसदको संयुक्त बैठकलाई सम्बोधन गरिन् ।

२९ फागुन २०७२ मा राष्ट्रपति चुनिएकी भण्डारीको संघीय संसदलाई राष्ट्रपतिको रुपमा यो नै अन्तिम सम्बोधन हो । किनकी नयाँ राष्ट्रपति निर्वाचन २५ फागुनका लागि तय भइसकेको छ । र, संविधानले राष्ट्रपतिमा दुई कार्यकालको सीमा राखेका कारण भण्डारी फेरि दोहोरिन सम्भव छैन ।

५० मिनेट लामो सम्बोधनका क्रममा राष्ट्रपति भण्डारीले आफ्नो सात वर्षको अनुभवमा देखेका केही मूल विषयका रुपमा राजनीति बाहेक सबैलाई उठाएकी छन् । र, सरकारले आगामी दिनमा नीति तथा कार्यक्रममा समेट्दै आवश्यकताअनुसार बजेट पनि व्यवस्थापन गर्ने विश्वास व्यक्त गरिन् ।

नेपाल र नेपालीको विकासका लागि कार्यकाल सफल होस् भनेर सांसदहरुलाई शुभकामना दिँदै सम्बोधन गरेकी उनले संघ तथा प्रदेश सरकारहरूले जनताका आशा र भरोसालाई कुण्ठित हुन नदिने गरी काम गर्ने विश्वास व्यक्त गरिन् ।



**सरकारको नीति तथा कार्यक्रमप्रति चासो**

राष्ट्रपति भण्डारीको 'विशेष सम्बोधन'ले सरकारको नीति तथा कार्यक्रमकै झल्को दिन्थ्यो । विभिन्न समस्यालाई औंल्याएकी उनले त्यसलाई समाधान गर्ने गरी आगामी नीति तथा कार्यक्रममा समेट्न सरकार लाई सुझाव समेत दिएकी छन् ।

देशको आर्थिक अवस्था जटिल मोडमा रहेको भन्दै उनले ध्यानाकर्षण गराएकी छन् । अर्थतन्त्रका सूचकहरूमा पछिल्लो समय केही सकारात्मक संकेत देखा परेको भए तापनि यसको दिगोपनामा आश्वस्त भइहाल्ने अवस्था नभएको बताइन् । बजारमा देखिएको मौद्रिक तरलताको समस्या, लगानीका लागि यथेष्ट स्रोतको अभाव र बाह्य कारणले उत्पादन क्षेत्र कमजोर बन्दै गएको भन्दै उनले भनेकी छन्, 'कमजोर आर्थिक वृद्धिदर, बढ्दो दरको मुद्रास्फीति र विकराल बन्दै गएको अन्तर्राष्ट्रिय व्यापार घाटाको स्थितिलाई सम्बोधन गर्ने प्रमुख पक्ष उत्पादन क्षेत्र यसरी कमजोर भएकोप्रति हामी सबै गम्भीर बन्नुपर्दछ ।'

विगत केही वर्षदेखि विनियोजित बजेट पूर्ण रूपमा खर्च नभइरहेकोमा उनको चिन्ता छ । 'एकातिर पूँजी निर्माणका लागि बजेट कम विनियोजन हुने र अर्कातिर भएको पूँजीगत बजेट पनि कम मात्र खर्च हुँदा पूँजी निर्माण कमजोर हुने मात्र नभई यसबाट विस्तार हुने अन्य आर्थिक क्रियाकलापमा सुस्तपना आई सरकारी राजस्व समेत घटिरहेको अवस्था छ', राष्ट्रपति भण्डारीको चिन्ता छ ।

अघिल्लो वर्षभन्दा पछिल्लो वर्ष कम राजस्व संकलन हुनु सुखद् सकेत नरहेको भन्दै उनले भनिन्, 'अर्थतन्त्रमा बाह्य क्षेत्रको चाप अझै पनि प्रष्ट देख्न सकिन्छ ।' अर्थतन्त्रमा सुधारका उपाएहरु सुझाएकी छन्, 'व्यापार घाटा कम गर्न निजी क्षेत्रसँग सहकार्य गरी निर्यात वृद्धिका उपाय खोज्नुपर्ने देख्दछु । अर्थतन्त्र सुधार्न आन्तरिक उत्पादनको क्षेत्र सबल बन्नुपर्दछ भन्ने मेरो मान्यता हो ।'

रासायनिक मलको नियमित आपूर्ति, कृषि उत्पादनका साधनको व्यवस्थापन जस्ता विषय पनि उठाएकी छन् । 'एक गाउँ, एक उत्पादन वा एक पालिका, एक उत्पादन' जस्ता कार्यक्रमलाई पुन:परिभाषित गरी उस्तै वस्तु उत्पादन हुने १० पालिकामा एकै किसिमको उत्पादन गर्न सकिए उत्पादन वृद्धिका लागि सहयोग पुग्ने उनले बताइन् । उनले अघि भनिन्, 'अबको २ वर्ष वा ५ वर्षमा निश्चित खाद्यवस्तुमा आत्मनिर्भर भई बचत हुन जाने उत्पादन निर्यात समेत गर्न सक्षम हुने गरी कृषिका कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक देखिएको छ ।' औद्योगिक उत्पादनमा नयाँ क्षेत्रको खोजी गर्नुपर्नेमा जोड दिएकी राष्ट्रपति भण्डारीले भनिन्, 'सामुहिक खेती वा करार खेतीको अवधारणा व्यवहारमा लागु गर्न धेरै ढिलो भइसक्यो भन्ने मेरो बुझाइ हो ।'

आम गरिबी न्यून गर्न उद्योग क्षेत्रको रोजगारीले सबैभन्दा बढी भूमिका निर्वाह गर्ने उनको निष्कर्ष छ । उद्योगको विकास भएपछि त्यसले सिर्जना गर्ने रोजगारी, अग्र र पृष्ठसम्बन्ध भएका क्षेत्रको विकासबाट पर्ने सकारात्मक प्रभावलाई आँकलन गरी वृहत्तर सोचका साथ अघि बढ्नु उपयुक्त हुने उनको बताइन् । स्वदेशी वस्तुको उत्पादन र उपभोग बढाउन 'मेक इन नेपाल' र 'मेड इन नेपाल' जस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्ने उनको जोड छ ।

**पर्यटन क्षेत्रमा ३ काम गर्न सुझाव**

पर्यटन क्षेत्रमा सरकारलाई तीन काम गर्न सुझाएकी छन् ।

एक- पर्यटकीय वस्तुको विकास, पर्यटनस्थलको पूर्वाधार निर्माण, सेवाको उपलब्धताका लागि सहजीकरण, सेवा र पूर्वाधारको गुणस्तर र नियमन ।

दुई- राष्ट्रिय र अन्तर ाष्ट्रियस्तरमा बजारीकरण ।

र, तीन- सहज पहुँचको व्यवस्था । यस बाहेकका निजी क्षेत्रलाई नै छाडिदिनुपर्नेमा राष्ट्रपति भण्डारीले जोड दिएकी छन् ।

सरकारी संयन्त्रको सेवा प्रवाहमा हुने ढिलासुस्ती र अनियमितता हटाउन नसकिएमा मुलुकमा सुशासन छ भनेर दाबी गर्नु निरर्थक हुने उनले बताएकी छन् । सम्बोधनका क्रममा उनले सूचना प्रविधिको अधिकतम प्रयोग गरी शिक्षा र स्वास्थ्यको गुणस्तर सुधार र पहुँच वृद्धिमा ध्यान दिन सरकारलाई सुझाएकी छन् । महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिकको सुरक्षा, सामाजिक मान्यता र पारिवारिक सौहार्दता कायम गर्नुपर्नेमा उनको जोड छ ।

नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमान र सुरक्षामासम्झौता नगरी अरु देशसँग मित्रता कायम गर्नुपर्नेमा उनले जोड दिएकी छन् । नेपालले सदैव असंलग्न परराष्ट्र नीति अँगाल्दै आएको भन्दै उनले भनेकी छन्, 'हामीलाई कसैसँग अनावश्यक नजिक र कसैसँग टाढा हुनु जरूरी छैन ।'

वातावरण र जैविक विविधतामा पर्ने प्रभावको गम्भीर अध्ययन गरी विकास र वातावरणबीच सन्तुलन कायम गर्नुपर्ने उनको जोड छ । साथै जलवायु अनुकूलन र असर न्यूनीकरणका लागि स्थापित अन्तर्राष्ट्रिय वित्तीय तथा प्राविधिक संयन्त्रबाट अधिकतम स्रोत र सहयोग परिचालन गर्न नेपाल सरकार विश्वसामू दरिलो रूपमा प्रस्तुत हुनुपर्ने समेत राष्ट्रपति भण्डारीको जोड छ ।

विषयकेन्द्रित सम्बोधनका क्रममा राष्ट्रपति भण्डारीले धेरै पटक 'मलाई विश्वास छ, सरकारले आगामी दिनमा यसअनुसार नै आफ्ना नीति तथा कार्यक्रम तय गर्नेछ' भनेकी छन् ।

आफ्नो सात वर्षको अनुभवमा देखेका केही मूल विषय संसदमा राखेको भन्दै राष्ट्रपति भण्डारीले भनेकी छन्, 'नेपाल सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा यी सबैलाई समेट्दै सोका आधारमा बजेटमा आवश्यक स्रोत व्यवस्थापन गर्ने नै छ ।'

*(स्रोत: अनलाइनखबर)*

# प्रदीपको 'कामिनो'मा वर्षाको प्रवेश

काठमाडौं/फिल्म 'कामिनो'मा अभिनेत्री वर्षा सिवाकोटी अनुबन्धित भएकी छन् । केही चरणको छलफलपछि शुक्रबार उनीसँग निर्माण टिमले कागजी सम्झौता गरेको हो । फिल्ममा दुई अभिनेत्रीमध्ये एउटा महत्वपूर्ण भूमिकामा उनी भित्रिएकी हुन् । अघिल्लो साता वर्षाले निर्देशक र निर्मातासँग भेटघाटको एक तस्विर सामाजिक सञ्जालमा पोस्ट्याउँदै फिल्ममा काम गर्न लागेको संकेत गरेकी थिइन् ।





फिल्ममा यसअघि अभिनेता प्रदीप खड्का अनुबन्ध भैसकेका छन् । वर्षा र प्रदीपको फिल्ममा जोडी बाँधिनेछ । उनीहरुले पहिलो पटक एकसाथ काम गर्न लागेका हुन् । लगातार आफूले खेलेका फिल्महरु असफल भैरहेको अवस्थामा प्रदीपसँगको जुगलबन्दीले वर्षालाई राहत मिल्न सक्ने देखिन्छ । दीपक वलीको निर्देशनमा बन्न लागेको फिल्मको कार्यकारी निर्माता सुनिल विष्ट गौली हुन् ।

पूर्ण लामा क्रियटिभ डिरेक्टर रहेको फिल्म जोखिमपूर्ण तरिकाले अमेरिका प्रवेश गर्न चाहनेको संघर्षको कथामाथि बन्न लागेको हो । एक्सेस नेपाल फिल्मस्को निर्माण रहने फिल्मको नेपालका साथै ल्याटिन अमेरिकाको विभिन्न स्थानमा छायांकन हुनेछ । फिल्म प्रेम, रोमान्स र सस्पेन्सयुक्त रहने निर्देशक वलीको भनाई छ । फिल्मको पटकथा तथा संवाद महेश दवाडीले तयार पारेका हुन् ।

सौरभ लामाको छायांकन, एसडि योगी र एलिस कार्कीको संगीत, सम्राट बस्नेतको द्वन्द्व निर्देशन र दिनेश प्रकाश महरा प्रोडक्शन डिजाइनर रहेको फिल्म नेपाली, हिन्दी, अंग्रेजी र स्पेनिस भाषामा रिलिज हुनेछ । फिल्मका लागि अन्य कलाकार फागुनभित्र छनोट गरिसक्ने तयारीमा निर्माण टिम छ । फिल्मको नाम धेरैलाई अनौठो लागे पनि स्पेनिस भाषामा 'कामिनो'को अर्थ बाटो हुन्छ ।

# 'भगवत् गीता'को छायांकन सुरु, नयाँ वर्षको रिलिज टर्‍यो

काठमाडौं/लामो र स्याकस्सीपछि अन्तत: झरना थापाको चौथो निर्देशकिय फिल्म 'भगवत् गीता'को छायांकन सुरु भएको छ । शुक्रबार जनकपुरधामको राम मन्दिरमा पूजाआजा गरेपछि फिल्मको छायांकन सुरु गरिएको हो । करिब २० दिनसम्म फिल्मको छायांकन जानकी मन्दिर आसपासमा हुनेछ । गत कृष्ण जन्माष्टमीमा जानकी मन्दिरमा छायांकन भएको टिजर सार्वजनिक गरिएको थियो ।



दशैं-तिहारपछि फिल्मको छायांकन सुरु गर्ने तयारीमा निर्माण टिम थियो । तर, हिरो नभेटिँदा निर्धारित समयमा छायांकन सुरु हुन सकेन । पहिला पारिश्रमिकमा कुरा नमिलेर काम गर्ने इच्छा नदेखाएका अभिनेता धिरज मगरले 'बाबरी'को असफलतापछि काम गर्न तयार भएपछि 'भगवत् गीता' फ्लोरमा निस्किएको हो । फिल्ममा उनको जोडीको रुपमा अभिनेत्री सुहाना थापा देखिनेछिन् ।

छायांकनपूर्व एक साता जानकी मन्दिर क्षेत्रमा कलाकारहरुले रिहर्सल गरेका थिए । सुनिल कुमार थापाको निर्माण रहने फिल्ममा विपिन कार्की, अनुराग कुँवर, कबीर खड्काको पनि अभिनय रहनेछ । जनकपुरपछि फिल्मको छायांकन काठमाडौँ र मनाङमा हुने निर्माता थापाले जानकारी दिए । सुटिङमा निस्किन ढिलाई हुँदा बैशाख १ गतेलाई तोकिएको फिल्मको प्रदर्शन अब टरेको छ ।

सुहाना इन्टरटेनमेन्टको प्रस्तुति र सुनिल कुमार थापा प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्मको छायाँकारमा संजय लामा छन् । फिल्ममा प्रवेश मल्लिकको ब्याकग्राउन्ड स्कोर, रामजी लामिछानेको कोरियोग्राफी र साहिल खानको सम्पादन रहनेछ । सुहाना प्रमुख रहेको वितरण कम्पनी त्रिनेत्रम डिस्ट्रिब्युसनले उपत्यका बाहिर र काव्या फिल्म्सले काठमाडौंमा फिल्मको वितरण गर्नेछन् ।

# 'बुलाकी' टिजरमा दमदार सुरक्षा

काठमाडौं/२०८० सालको बैशाख १ गते (नयाँ वर्ष) बाट प्रदर्शनमा आउन लागेको फिल्म 'बुलाकी'को टिजर सार्वजनिक भएको छ । शुक्रबार म्यूजिक डटकम च्यानलबाट सार्वजनिक भएको २ मिनेट १ सेकेन्डको टिजरमा कर्णालीको ग्रामीण जीवन, रितिथिति, परम्परा र जारी प्रथाको विषयलाई प्रस्तुत गरिएको छ । टिजरमा अभिनेत्री सुरक्षा पन्त कर्णाली भेषभुषा र लवजमा दमदार देखिएकी छन् ।



लक्ष्मण सुनारद्वारा निर्देशित फिल्मको निर्माण टोपेन्द्र विष्टले गरेका हुन । टिजर रिलिजअघि निर्माता विष्टले फिल्मको सफलताको कामना गर्दै पूजापाठ गरेका थिए । फिल्ममा सुरक्षाका अलावा नरेन खड्का, विराज बिष्ट, रमेश बुढाथोकी, लक्ष्मी गिरी, कुलदीप अधिकारी, सुशील पोखरेल, झलनाथ खत्री, धनबहादर राई, लक्ष्मण देवकोटा, प्रकाश कँडेल, सरस्वती खत्री आदिको अभिनय छ ।

छत्रेश्वरी म्यानेजमेन्टको ब्यानरमा स्वं. मोति विष्टको प्रस्तुति रहेको फिल्मलाई शिव ढकालले खिचेका हुन् । अर्जुन जिसीले सम्पादन गरेको फिल्मको स्क्रिप्ट निर्देशक सुनार स्वयं, अभिनेता विष्ट, बिराज, राजबहादुर साने र निर्मल पौडेलले तयार गरेका हुन् । डोल्पा, जाजरकोट र रुकुम पश्चिमका विकट स्थानमा छायांकन भएको फिल्मको वितरण त्रिनेत्रम् डिस्ट्रिब्युसन र एफडी कम्पनीले गर्दैछ ।

# सामुदायिक विद्युतीकरणलाई विस्थापन गर्ने योजना बनाउँदै ऊर्जा मन्त्रालय

काठमाडौं/ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाहरुको सेवालाई विस्थापन गर्ने भएको छ । यसका लागि मन्त्रालयले नीतिगत व्यवस्था र योजना तयार गर्न गृहकार्य अघि बढाएको छ ।

देशभर भएका सामुदायिक विद्युतीकरणमा विकृति मौलाएको र सामुदायिक संस्थाहरुले गुणस्तरीय विद्युत सेवा प्रत्याभूत गर्न नसकेको ठहर गर्दै सरकारले अब सामुदायिक विद्युतीकरण भएका स्थानमा विद्युत प्राधिकरणलाई नै सबै अधिकार दिने तयारी गरेको हो ।

मन्त्रालयका एक अधिकारीका अनुसार क्रमश: प्राधिकरणले सामुदायिक विद्युतीकरण भएका ठाउँमा आफैंले सेवा दिन थालिसकेको छ । अब त्यसलाई तीव्र पार्ने गरी नीतिगत व्यवस्था नै गर्न लागिएको उनले बताए ।

ऊर्जामन्त्री राजेन्द्र लिङ्देनले नै सामुदायिक विद्युतीकरणको नीति र व्यवस्थामा परिमार्जन लागि चासो दिएका हुन् । ग्रामीण विद्युतीकरण भएका क्षेत्रमा भोल्टेजको समस्या धेरै भएको, मर्मतसम्भार बेलैमा नभएको र संस्थाहरुमा विकृति मौलाएकाले अब प्राधिकरणबाटै सेवा पुर्‍याउनुपर्नेमा मन्त्री लिङ्देनले जोड दिएको मन्त्रालय स्रोतको दाबी छ ।

२ वर्षभित्र सबै क्षेत्रमा राष्ट्रिय प्रसारणलाइनको बिजुली पुर्‍याउने लक्ष्यसहित काम गरिरहेको सरकारले ग्रामीण क्षेत्रमा सामुदायिक संस्थामार्फत दिइएको विद्युत सेवालाई अब सरकारकै मातहतमा ल्याउन लागेको हो ।

'यसको विरोध हुनसक्छ, तर जनतालाई सामुदायिक विद्युतका नाममा साधैंभरि गुणस्तरहीन सेवा दिएर हुँदैन,' ऊर्जा मन्त्रालयका एक अधिकारीले भने, 'प्राधिकरणले भारतमा बिजुली निर्यात गरेर कमाउन थालिसक्यो । अब पनि जनतालाई धिपधिपे बत्तीमा राखिर हन हुँदैन ।'

अहिले सामुदायिक संस्थामार्फत १० प्रतिशत लगानी गरेपछि सरकारले बाँकी ९० प्रतिशत लगानी गरेर सामुदायिक विद्युतीकरण गर्न सकिने व्यवस्था छ । ती क्षेत्रमा संस्थाले नै विद्युत प्राधिरकणसरह विद्युत वितरण गर्छ । बिलिङदेखि महसुल संकलनसम्म गरेर संस्था चलाइन्छ । प्राधिकरणले बल्कमा केही सस्तो दरमा दिएको बिजुलीलाई संस्थाले विद्युत नियमन आयोगले तोकेको दरमा उपभोक्तालाई बेच्छ । विभिन्न पहाडी जिल्लामा यस्तो सामुदायिक विद्युतीकरण

देशभरिका ५५ जिल्लाका ग्रामीण क्षेत्रमा साढे ५ लाख भन्दा बढी घरधुरीमा सामुदायिक विद्युतीयकरणमार्फत विद्युत पहुँच पुगेको छ ।

राष्ट्रिय प्रसारण प्रणालीको विद्युतको पहुँच नपुगेका ग्रामीण क्षेत्रमा ३०० भन्दा बढी सामुदायिक संस्थाहरूमार्फत विद्युत सेवा विस्तार गरिएको छ । ग्रामीण क्षेत्रमा भएको विद्युतीकरणको करिब १५ प्रतिशत हिस्सा सामुदायिक संस्थाले लिएको सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालले जनाएको छ ।

प्राय: ११ केभी लाइनबाट सेवा दिइरहेका संस्थाहरुले ३ हजार भन्दान बढी ट्रान्सफर्मर प्रयोग गरिरहेका छन् । समुदायको सहभागितामा व्यवस्थापनसहित गरिने सामुदायिक विद्युतीकरण गर्न २०६० सालदेखि सुरु भएको थियो । समुदाय र नेपाल सरकार दुवैको सहकार्यमा यस्तो विद्युतीकरण हुँदै आएको छ ।

भौगोलिक रुपमा विकट र दुर्गम क्षेत्रमा विद्युतीकरण गर्न प्राधिकरणलाई समस्या परेपछि सामुदायिक विद्युतीकरणको नीति आएको थियो । अहिले सामुदायिक विद्युतीकरण राष्ट्रिय महासंघको समन्वयमा विद्युतीय चुलो राष्ट्रिय अभियान पनि सञ्चालन भइरहेको छ ।

पछिल्ला दिनमा सरकारले २० युनिटसम्म उपभोग गर्ने ग्राहकलाई विद्युत सेवा नि:शुल्क दिने नीति ल्याएपछि सामुदायिक विद्युत सेवा दिने संस्थाहरु समस्यामा परेका छन् ।

प्राधिकरणका एक अधिकारी सामुदायिक विद्युतीकरण गर्न १० प्रतिशत स्थानीय बासिन्दाले जुटाउनुपर्ने व्यवस्थालाई अब पनि निरन्तरता दिनु उपयुक्त नहुने बताउँछन् । सरकार सक्षम भइसकेपछि समुदायमाथि आर्थिक तथा प्राविधिक बोझ थपेर राख्न नहुने र राष्ट्रिय प्रसारणबाट गुणस्तरीय बिजुली दिनुपर्ने बताउँछन् ।

'सामुदायिक विद्युतीकरण भएका क्षेत्रका जनताले नै प्राधिकरणलाई सेवा दिन बोलाइरहेका छन्,' उनले भने, 'अब संस्थाले मै सेवा दिन्छु भनेर मात्रै पनि हुँदैन, गुणस्तरीय सेवा दिनुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# लुम्बिनीमा टुंगियो मन्त्रालय भागवण्डा

बुटवल/लुम्बिनी प्रदेशमा सत्ता साझेदार दलहरुबीच मन्त्रालय भागवण्डा टुंगो लागेको छ । मन्त्रालय बाँडफाँट टुंगो लागेसँगै आइतबार दिउँसो १ बजे मन्त्रीहरुको सपथ ग्रहण कार्यक्रम तय भएको छ ।

सत्ता साझेदार दलहरुबीच शुक्रबार भएको सहमति अनुसार नेकपा एमालेले मुख्यमन्त्रीसहित ५ मन्त्रालय पााउने भएको छ । तर जनता समाजवादी पार्टी (जसपा) सरकारमा आउन चाहे एमालेले पाएको एउटा एउटा मन्त्रालय उसलाई दिने समझदारी छ ।

माओवादी केन्द्रले तीन मन्त्रालय पाएको छ । जनमत र राप्रपालाई एक/एक मन्त्रालय दिने गरी टुंगो लागेको छ ।

मुख्यमन्त्री निकट स्रोतका अनुसार एमालेबाट ग्रामीण तथा शहरी विकास, कपिलवस्तुका विष्णु पन्थी स्वास्थ्य, बाँकेका दुर्गाप्रसाद चौधरी सामाजिक विकास र प्यूठानका तुलसीराम शर्मा कृषि तथा सहकारीमन्त्री बन्ने लगभग पक्का भएको छ । २७ पुसमै मन्त्री बनेका अर्घाखाँचीका चेतनारायण आचार्यले जलस्रोत व्यवस्था मन्त्रालयको जिम्मेवारी पाउने भएका छन् ।

माओवादी केन्द्रले आर्थिक मामिला मन्त्रालय, आन्तरिक मामिला, कानुन तथा संचार मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय पाउने भएको छ ।

माओवादीबाट आर्थिक मामिला मन्त्रालयमा संसदीय दलका नेता जोखबहादुर महरा जाने सम्भावना छ । कृष्णा केसी पुस २७ गते नै विना विभागीय मन्त्री नियुक्त भएकी थिइन् । माओवादीबाट एकजना मन्त्रीको टुंगो लाग्न बाँकी छ ।


के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# आजदेखि मकवानपुर गोल्डकप



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ हेटौंडामा आज शनिवारदेखि पाँचौ संस्करणको 'स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्डकप' सुरु हुँदैछ ।

हेटौंडा उपमहानगर पालिका-५, स्थित पिप्ले क्याम्पा रंगशालामा हुने गोल्डकपको उद्घाटन खेल मकवानपुर-११ र सिमराको नवजनजागृति युवा क्लबबीच हुँदैछ । प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजक जिल्ला फुटबल संघ मकवानपुरले जानकारी दिएको छ ।

१० फागुनसम्म हुने प्रतियोगितामा आयोजक मकवानपुर-११, नव जनजागृती युवा क्लब सिमरा, त्रिभुवन आर्मी फुटबल क्लब, नेपाल एपिएफ क्लब, सातदोबाटो क्लब ललितपुर, मनाङ् मर्स्याङ्दी क्लब , फ्रेण्ड्स क्लब ललिततपुर, हिमालयन शेर्पा क्लब काठमाडौं, एनआरटी क्लब काठमाडौं, बागमती युवा क्लव सर्लाही, विरगंज युनाइटेड पर्सा र एभिनियर एफसी क्यामरुनसहित १० वटा टोलीको सहभागिता रहने भएको छ ।

जिल्ला फुटबल संघ मकवानपुरका अध्यक्ष टिका लामाले प्रतियोगिताको सबै तयारी सकिएको बताए । शुक्रबार पनि पिप्ले क्याम्पाको रंगशाला मर्मत कार्य जारी थियो । प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिनाकुमारी लामाले गर्ने भएकी छन् । प्रतियोगितामा विजेता हुने टोलीले १५ लाख रुपैयाँसहित ट्रफी पाउनेछन् भने उपविजेताले १० लाख रुपैयाँ सहित ट्रफी पाउनेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले रोयल इन्फिल्ड (बुलेट) मोटर साइकल पाउने छन् । यसअघि उक्त बुलेट बाइक मकवानपुरका खेलाडीलाई दिईदै आएकोमा यसवर्षदेखि सबै खेलाडीबाट सर्वोत्कृष्ट चुनिने जनाइएको छ ।

प्रतियोगितामा विद्यागत उत्कृष्ट हुने खेलाडी र खेलाडीले नगद २५-२५ हजार प्राप्त गर्नेछन् । प्रत्येक खेलका म्यान आफ दि म्याच खेलाडीले १० हजार रुपैयाँ प्राप्त गर्नेछन् । जिल्लाको १० वटै स्थानीय तहहरुको आर्थिक सहयोगमा हुने प्रतियोगितामा करिब डेढ करोड खर्च हुने आयोजकको अनुमान छ । २०६२-०६३ को जनआन्दोलनका सहिदहरुको स्मृतिमा २०६४ सालमा हेटौंडामा पहिलो पटक राष्ट्रिय फुटबल प्रतियोगिताको आयोजना फुटबल संघले गरेको थियो । पहिलो संस्करणको उपाधि थ्रिस्टार क्लबले जितेको थियो । २०७५ मा भएको दोस्रो संस्करणको उपाधि घरेलु टोली मकवानपुर-११, २०७७ मा तेस्रो संस्करण र चौथो संस्करणको उपाधि त्रिभुवन आर्मी फुटबल क्लबले जितेको थियो ।

# राक्सिराङमा फागुन १ गते कृषि हाटबजार लाग्ने

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकामा फागुन १ गतेबाट कृषि हाटबजार लाग्ने भएको छ ।

राक्सिराङ गाउँपालिका वडा नम्बर ५ चैनपुरको व्यवस्थापन समितिको आयोजनामा कृषि हाटबजार लाग्ने भएको हो । गाउँपालिका अध्यक्ष राजकुमार मल्लले कृषि हाटबजार राक्सिराङ गाउँपालिकाका ९ वटै वडा समेट्ने गरी स्थानीय उत्पादनलाई बजारीकरण गर्ने उद्देश्यले सञ्चालन गर्न लागेको जानकारी दिए ।

हाट बजारमा रैथानेबाली, कृषि उपज वस्तुहरुको प्रदर्शनी तथा बिक्री वितरण गर्नुका साथै स्थानीय खानाका परिकारहरुको २० वटा स्टल रहने मल्लले बताए ।

त्यस्तै, कृषि हाटबजारमा स्थानीय कलाकारहरुले जातीय पहिचान, साँस्कृतिक नृत्य तथा गायन प्रस्तुत गर्ने उनको भनाई छ । कृषि हाटबजार महिनामा २ दिन प्रत्येक महिनाको १ गते र १५ गते सञ्चालन हुनेछ । कृषि हाटबजार राक्सिराङ गाउँपालिका तथा विभिन्न कृषि सहकारी संस्थाहरुको सहयोगमा सञ्चालन हुने आयोजकले जनाएको छ ।

# इन्द्रसरोबरमा सांस्कृतिक कार्यक्रम हुँदै




साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ मकवानपुरको इन्द्रसरोबर गाउँपालिका स्थित कुलेखानीको टोड्के चौरमा तेस्रो सोनाम ल्होछार बिशेष बृहत सांस्कृतिक कार्यक्रम हुने भएको छ ।

कुलेखानीमा सांस्कृति कार्यक्रमसँगै शान्ति पुजा पनि गरिने भएको छ । कुलेखानी तामाङ समाजको आयोजनामा हुने सोनाम ल्होछार बिशेष सांस्कृतिक कार्यक्रमको तयारी पुरा भएको समाजका अध्यक्ष बिरेन गोले तामाङले जानकारी दिए ।

तामाङ समुदायको पर्व २८५९ ह्योई/तावर ल्हो (बिरालो वर्ग) सोनाम ल्होछारको अबसरमा यही माघ २८ गते शनिबार हुने ल्होछार विशेष बृहत सांस्कृतिक कार्यक्रमलाई सफल बनाउन यस पटक गायक तथा संगीतकार सन्जिब वाइबा, गायिका निर्मला घिसिङ, प्रकाश तितुङ, अशोक तामाङ, रबिन्द्र लामा र तबु वाईबा लगायतको सांगीतिक प्रस्तुति रहने आयोजकले जनाएको छ ।

स्थानीय पर्यटन प्रवर्द्धनको लागि सांस्कृतिक पर्व ल्होछारलाई आ-आफ्नो घर आगनमा मनाउने उद्देश्यले कार्यक्रमको तय भएकोले सांस्कृतिक नाचगान कार्यक्रमसँगै लामा गुरुबाट शान्ति पुजा कार्यक्रमसमेत रहेको समाजका अध्यक्ष तथा ल्होछार कार्यक्रमको संयोजक तामाङ्ले बताए ।

माघ महिना भरिनै हुने यस्ता ल्होछार सांस्कृतिक कार्यक्रमले गाउँ ठाउमा आम तामाङ समुदायमा जागरण ल्याउने समेत बताए । इन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको प्रमुख आतिथ्यतामा र उपाध्यक्ष उमाकुमारी लामाको विशेष आतिथ्यतामा हुने ल्होछार सांस्कृतिक कार्यक्रम पालिकाकै मुख्य प्रायोजनमा रहेको छ ।

त्यस्तै, सिजी ब्रुअरी नेपालको सह-प्रायोजनमा कार्यक्रममा लामा, बोन्पो, ताम्बालगायतको झाँकी प्रदर्शनी हुने जनाइएको छ । समाजको यो ल्होछार सम्बन्धिको सांस्कृतिक कार्यक्रम पाँचौ पटक हो । कार्यक्रममा पालिकाको ५ वडा बाटै नृत्य प्रस्तुतिको लागि टिम सहभागी हुनेछ भने झाँकी (बोन्पो), लामा, ताम्बा, गान्बा, तामाङ भेषभुषा, डम्फुरे टिमको सहभागिता रहने छ । कार्यक्रम अवधिभर मौलिक खानाका परिकारसहित अन्य खानाको स्टल, तामाङ मौलिक भेषभुषा स्टल रहने आयोजकले जनाएको छ ।

# कांग्रेस उम्मेदवार नै राष्ट्रपति बन्ने बानियाँको दावी




साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले कांग्रेसका उम्मेदवार नै राष्ट्रपति बन्ने दावी गरेका छन् ।

नेपाल शिक्षक संघ मकवानपुरको शुक्रबारबाट हेटौंडामा सुरु भएको नवौं जिल्ला अधिवेशनको उद्घाटन गर्दै राष्ट्रपति कांग्रेसकै हुने दावी गरेका हुन् । राष्ट्रपतिको निर्वाचन पश्चात नेतृत्वदायी भूमिकासहित कांग्रेस सरकारमा समेत जाने उनको दावी थियो । अहिलेको अवस्थालाई लिएर निराश नहुन समेत उनले शिक्षक संघका सदस्यहरुलाई अनुरोध गरे । शिक्षक संघ मकवानपुर अध्यक्ष रामकुमार अधिकारीको अध्यक्षतामा भएको अधिवेशनमा नेपाली कांग्रेस मकवानपुरका पदाधिकारी, शिक्षक संघका केन्द्रीय पदाधिकारीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

यस्तै, नेपाल विद्युत प्राधिकरण कर्मचारी संघ वाग्मती प्रदेशको भेला तथा अन्तर्क्रियालाई सम्बोधन गर्दै उनले व्यापार घाटा कम गर्न विद्युतको उत्पादन बढाउन जरुरी रहेको औंल्याएका छन् । उनले बढ्दो व्यापार घाटालाई न्यूनीकरण गर्न विद्युत् उत्पादन र प्रयोग बढाउन जोड दिए । 'देशको आर्थिक अवस्था कमजोर भएको छ । यसको मुख्यकारण व्यापार घाटा हो । पेट्रोलियम पदार्थको मूल्य बढ्दो अवस्थामा रहेको छ । यसलाई विस्थापित गर्ने उपाय भनेको विद्युतीय उत्पादन बढाउनु नै हो ।', उनले अब ग्यासको सट्टामा घरघरमा इण्डक्सन चुलोको प्रयोग गर्न आव्हान समेत गरेका छन् । उनले देशमा विद्युतको उत्पादन बढाउन सरकारले वर्षेनी लगानी बढाइरहेको र अब निर्यात नै गर्ने गरी काम गर्न जरुरी रहेको बताए ।

कांग्रेस मकवानपुर सभापति बुद्ध लामाले प्राधिकरणले समाजलाई नै उज्यालो पार्ने काम गरेकोभन्दै प्रशंसा गरे । उनले त्यहाँ कार्यरत् कर्मचारीको समस्या समाधान गर्न आफ्नो तर्फबाट खेल्ने भूमिका निर्वाह गर्न तयार रहेको समेत बताए । प्रदेश सभापति उमाकान्त गौतमको सभाध्यक्षतामा भेला भएको हो । भेलामा बोल्ने अधिकांश कर्मचारीले आधिकारीक ट्रेड युनियन स्थापना तथा मजदुरको पारिश्रमिक र सुखद् भविष्यको विषयमा आन्दोलन गर्न जरुरी रहेको औंल्याएका थिए ।

# मुख्यमन्त्रीले भने, 'न्युनतम आधार तयार पारेर मात्र लगानी'

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले न्युनतम आधार तयार पारेर प्रदेश सरकारले योजनाहरुमा लगानी गर्ने बताएका छन् ।

नेपाल समाजवादी पार्टी मकवानपुरले शुक्रबार हेटौंडामा आयोजना गरेको सम्मान कार्यक्रममा बोल्दै साना र टुक्रे योजनाका कारण प्रदेश सरकारले गरेका कामहरुको परिणाम प्रभावकारी नदेखिएको बताए । अब ठूला र समुदाय केन्द्रीत योजनाहरुलाई प्राथमिकता दिएर काम गर्ने उनको भनाई छ ।

प्रदेश सरकारले न्युनतम कतिसम्म बजेट हाल्ने भन्ने आधार समेत तयार गनिरे जम्कट्टेलले बताए । बागमती प्रदेश सरकारले व्यक्तिलाई दिने अनुदान पनि बन्द गरिने उनको भनाई छ ।

'अब हामी समुदाय केन्द्रीत अनुदान मात्र वितरण गर्छौं, बन्दा समाज नै बन्नुपर्छ कुनै व्यक्ति मात्र हैन,' उनले भने, 'त्यसको सुरुवात यही वर्षबाट गर्दैछौं ।' मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकार ले छिट्टै सरकारको न्युनतम साझा कार्यक्रम सार्वजनिक गर्ने बताए ।

देशको अबको यात्रा समाजवादी आन्दोलन भएकाले त्यसको लागि सबै माओवादी पृष्टभूमि भएका सबै दलहरु एक हुनु आवश्य रहेको उनको भनाई छ । बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री तथा नेपाल समाजवादी पार्टीका केन्द्रीय सह-अध्यक्ष गंगानारायण श्रेष्ठले नेकपा माओवादी केन्द्र र नेपाल समाजवादी पार्टीबीच छिट्टै एकता हुने बताए ।

'प्रचण्ड र बाबुरामजीले छुट्टाछुट्टै गर्नुभएको प्रयोग सफल देखिएन, अब एक भएर जानुको विकल्प छैन,' उनले भने, 'त्यसको लागि पार्टी एकताको अन्तिम तयारीम पुगेका छौं ।' जनयुद्धले स्थापित गरेका एजेण्डाहरुलाई बलियो बनाउन पनि एकता आवश्यक रहेको उनको भनाई छ । बागमती प्रदेश सरकारले जनपक्षीय कामहरुको सुरुवात गरेको श्रेष्ठले बताए ।

# निर्माण व्यवसायीको अध्यक्षमा ढकालको प्यानल घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ निर्माण व्यवसायी संघ मकवानपुरको अध्यक्षमा श्यामसुन्द ढकालले आफ्नो प्यानल घोषणा गरेका छन् ।

शुक्रबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै ढकालले प्यानल घोषणा गरेका हुन् । संघको शनिबार र आइतबार हेटौंडामा हुने अधिवशेनबाट नयाँ नेतृत्व चयन गरिँदैछ । यस समूहबाट पदाधिकारीमा प्रथम उपाध्यक्ष सागर ढकाल, द्वितीय उपाध्यक्ष बुद्धिराम डिम्डुङ, तृतीय उपाध्यक्ष भीमसेन श्रेष्ठ, महासचिव राजेन्द्र चौलागाईं, उपमहासचिव नीतिगत नवराज पाठक, उपमहासचिव आन्तरिक निर्मल देवकोटा, कोषाध्यक्ष अनल श्रेष्ठ, सहकोषाध्यक्ष प्रकाश लामा ब्लोन रहेका छन् । यस समूहबाट सदस्यमा चेतबहादुर थापा, लक्ष्मण सापकोटा, सविन क्षेत्री, कुमार पोखरेल, भरत सापकोटा, सहदेव गौतम, नवीन जोशी तथा राजनप्रसाद बोलखे रहेका छन् ।

# एमसीसी र एसपीपी खारेजीको माग गर्दै ज्ञापनपत्र



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/धमेन्द्र वास्तोला नेतृत्वको नेकपा बहुमतले अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) र एसपीपी सम्झौता खारेजीको माग गर्दै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

शुक्रबार नेकपा बहुमतल एमसीसी र एसपीपीसहित विभिन्न ४४ बुँदे माग गर्दै मुख्यमन्त्री जम्मकट्टेलमार्फत प्रधानमन्त्रीलाई मागपत्र बुझाएको हो ।

पार्टीका सचिवालय सदस्य इन्द्रबहादुर परियार 'नयन', जिल्ला इन्चार्ज धुब्र खड्का, जिल्ला संयोजक विक्रम मगर, जिल्ला सचिवालय सदस्य प्रल्हाद गौतम सहितको टोलीले मुख्यमन्त्री जम्मकट्टेलमार्फत प्रधानमन्त्रीलाई मागपत्र बुझाएको छ । नेकपाले राष्ट्रियता, जनतन्त्र र जनजीविकास सम्बन्धी मुद्दाहरुलाई उठान गर्दै ४४ बुँदे माग गरेको छ ।

# माओवादी संसदीय दलको मुख्य सचेतकमा ढकाल

साझाकुरा संवाददाता



हेटौंडा, २७ माघ/नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलको मुख्य सचेतकमा रत्न प्रसाद ढकाल चयन भएका छन् ।

ढकाललाई मुख्यमन्त्री समेत रहेका माओवादी संसदीय दलको नेता शालिकराम जम्मकट्टेलले बिहीवार मुख्य सचेतकमा नियुक्त गरेका हुन् । ढकाल निर्वतमान युवा तथा खेलकुद मन्त्री समेत हुन् । उनी काभ्रे क्षेत्र नम्बर १ (१) बाट निर्वाचित सांसद हुन् ।

# सवारी दुर्घटना हुँदा २ जनाको मृत्यु

काठमाडौं/भक्तपुरमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

चागुँनारायण नगर पालिका-६ बाख्रीगाउँमा ०३-०२-००९ प ५५०३ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा चालक शंकर तामाङको मृत्यु भएको हो ।

उनी सवार मोटर साइकल आफैं अनियन्त्रित भएर सडकबाट खसेको थियो । दुर्घटनामा घाइते भएका उनको सुस्मा मेमोरियल अस्पताल, साँखुमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी परिसर, भक्तपुरले जनाएको छ ।

यस्तै जोरपाटीमा बा ४ ख ८९१२ नम्बरको बसको ठक्करबाट बा ९९ प ३४८५ नम्बर को स्कुटरका चालक ओमकुमारी श्रेष्ठको मृत्यु भएको छ ।दुर्घटनामा गम्भीर घाइते भएकी उनको भत्तपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो ।

बस र चालक भक्तपुर इताछेका दयाराम देशेमरु प्रहरी वृत्त, जगातीको नियन्त्रणमा छ ।

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**

हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

**प्राइम लाइफ**

प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपशिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १५७०००३९६४ | राकेश भक्त पौडेल | जितपुर सिमरा -६, बारा |

**सूचना सूचना सूचना**

बागमती प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय, परिषद्को कार्यालय मकवानपुरको सहयोगमा कान्तिपुर बहुप्राविधिक शिक्षालयबाट निम्न जिल्लामा नि:शुल्क रोजगार कार्यक्रम सञ्चालन हुने भएकोले इच्छुक व्यक्तिहरुले फारम भर्नुहुन अनुरोध गरिन्छ।

**तालिम:**
१. **मन्टेश्वरी** - २० जना
२. **इन्डस्ट्रियल इलेक्ट्रिसियन** - २५जना

**फारम भर्ने मिति:** २०७९/१०/२८गतेदेखि २०७९/११/०५गते सम्म
**फारम पाइने स्थान:** जिल्ला युवा समितिको कार्यालय हेटौंडा-२ मकवानपुर र कान्तिपुर बहुप्राविधिक शिक्षालय भरतपुर चितवन

थप जानकारीका लागि सुमन पाखिन (अध्यक्ष) ९८४५१२२९३३, किसान किङ्ग्रिङ मगर (कम्प्युटर सहायक) ९८६६१२०५४६

**प्रदेश युवा परिषद् जिल्ला युवा समिति**
हेटौंडा -२, मकवानपुर

**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सन्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रन्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना